मिति २०७७ श्रावण २३ गते शुक्रबारबारका दिन प्रमुख जिल्ला अधिकारी श्री रुद्रादेवी शर्माको अध्यक्षतामा बसेको जिल्ला स्तरीय संकट व्यवस्थापन समिति (DCCMC) को बैठक बसी कोभिड-१९ को संक्रमणको दर बढ्दै गएकोले नेपाल सरकारको निर्णय, जनस्वास्थ्य तथा सुरक्षा मापदण्डको आधारमा देहाय बमोजिमको उपस्थितिमा तपसिल बमोजिमको निर्णय गरियो ।

सल्लाहाकार

| क.स. | नाम, थर | पद | कार्यालय | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री प्रेम बहादुर खड्का | प्रमुख | जिल्ला समन्वय समिति | |
| २. | श्री रमेश कुमार बस्नेत | नगर प्रमुख | मन्थली नगरपालिका | |

## उपस्थित

जिल्ला स्तरीय Crisis Management Center का पदाधिकारी

| क.स. | नाम, थर | पद | कार्यालय | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री रुद्रादेवी शर्मा | प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय | |
| २. | श्री बसन्त पाठक | प्र.ना.उ. | जिल्ला प्रहरी कार्यालय | |
| ३. | श्री रमेशकुमार थापा | स.प्र.ना.उ. | सशस्त्र प्रहरी बल नेपाल | |
| ४. | श्री सुबास कार्की | प्र.अ.अ. | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय | |
| ५. | श्री केशव खड्का | सह-सेनानी | नयाँ गोरख गण | |
| ६. | श्री विद्या खनाल | प्रमुख | स्वास्थ्य कार्यालय | |
| ७. | डा. आनन्द प्रसाद आचार्य | चिकित्सक | जिल्ला अस्पताल | |

आमन्त्रित

| क.स. | नाम, थर | पद | कार्यालय | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री झम्क कडेल | सचिवलय सदस्य | नेकपा | |
| २. | श्री लेख बहादुर कार्की | सचिव | नेपाली कांग्रेस | |
| ३. | श्री रमेश ढुंगेल | अध्यक्ष | नेपाल पत्रकार महासंघ | |
| ४. | श्री केशवप्रसाद घिमिरे | अध्यक्ष | रामेछाप उद्योग बाणिज्य संघ | |
| ५. | श्री जयप्रकाश श्रेष्ठ | मन्त्री | नेपाल रेडक्रस सोसाइटी | |
| ६. | श्री पाण्डपप्रसाई | अधिकार कर्मी | नागरिक समाज | |
| ७. | श्री टीका प्रसाद भट्ट | सञ्चारकर्मी | कान्तिपुर | |
| ८. | श्री हिमाल ढुंगेल | सञ्चारकर्मी | | |
| ९. | श्री नवराज श्रेष्ठ | सञ्चारकर्मी | राष्ट्रिय समाचार समिति | |
| १०. | श्री ज्ञानु श्रेष्ठ | सञ्चारकर्मी | | |
| ११. | युवत थापा | जनस्वास्थ्य अधिकृत | स्वास्थ्य कार्यालय रामेछाप | |
| १२. | जितेन्द्र कुमार [illegible] | [illegible] | " " | |
| १३. | गायत्री खत्री | ल्याब टे | स्वास्थ्य, कार्यालय रामेछाप | |
| १४. | अन्जु घिसिङ | स्टाफ नर्स | स्वास्थ्य, कार्यालय रामेछाप | |
| १५. | | | | |
| १६. | | | | |
| १७. | | | | |
| १८. | | | | |
| १९. | | | | |
| २०. | | | | |

निर्णयहरु

१. कोभिड-१९ को रोकथाम तथा नियन्त्रण सम्बन्धि भएका कार्य तथा विपद् उद्धार तथा प्रतिकार्य सम्बन्धी भएका कार्य हाल सम्म ८९२ जनाको RDT परिक्षण, ६५० जनाको PCR परीक्षण गरिएको, २७ जनाको कोभिड-१९ संक्रमण पुष्टि भएकोमा २३ जनाको Negative प्रतिवेदन आएको, हाल ४ जना आइसोलेसनमा रहेका, हाल ७५ जना क्वारेन्टिनमा रहेके समीक्षा गरियो ।

२. देशभर निरन्तर बढ्दो क्रममा रहेको कोभिड-१९ महामारीलाई नियन्त्रण गर्नका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी होम क्वारेन्टिन र होम आइसोलेसनको मापदण्ड पूर्ण रुपमा जिल्लामा पालना गर्न नसकिने देखिएकाले अर्को निर्णय नभए सम्मका लागि संक्रमित स्थानबाट जिल्ला भित्रिएकालाई संस्थागत क्वारेन्टिन र आइसोलेसनमा राख्ने व्यवस्था मिलाउनु सबै पालिकाहरुलाई अनुरोध गर्ने ।

३. जिल्ला भित्र प्रवेश नाकामा चेक जाँचलाई थप कडाई गर्ने

४. औषधी इन्धन बाहेक सबै पसलहरु विहान ५ बजे देखि दिउँसो ४ बजे सम्म मात्र सञ्चालन गर्ने ।

५. यस जिल्ला भित्र लाग्ने हाटबजारहरु अर्को व्यवस्था नभए सम्मलाई बन्द गर्ने ।

६. नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयद्धारा जारी जनस्वास्थ्य मापदण्ड तथा गृह मन्त्रालयद्धारा जारी सुरक्षा मापदण्ड सबै सरकारी, गैरसरकारी, बैंक, वित्तीय संस्था, सहकारी संस्था, उद्योगी, व्यापारीहरुले कडाईका साथ पालना गर्ने/गराउने ।

७. सबै पालिकाको समन्वयमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गरी अनिवार्य मास्क, निश्चित दुरी कायम गर्ने र साबुनपानी वा स्यानीटाइजरले हातधुने व्यवस्था जनस्वास्थ्य कार्यालयले मिलाउने ।

८. सामुदायिक प्रहरी साझेदारी कार्यक्रमद्धारा कोभिड-१९ को रोकथाम तथा नियन्त्रण सम्बन्धमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।

९. जनस्वास्थ्य र सुरक्षाका मापदण्डको उल्लंघन गर्ने, व्यक्ति, समूह, संस्था, सञ्चालनको उच्च निगरानी गरी कार्वाही गर्ने ।

१०. कोरोना जाँचको दायरा बढेसँगै जिल्लामा संक्रमितको संख्या बढ्न सक्ने देखिएकाले आ-आफ्ना पालिकाले आफ्नो नागरिकको उपचारको लागि उपयुक्त स्थान र वेड सहितको आइसोलेसन तयार गर्ने र त्यसका लागि स्वास्थ्य कार्यालय र जिल्ला अस्पतालसँग समन्वय गर्ने ।

११. मिति २०७७/०४/१४ गते स्वास्थ्य तथा जनसंख्या मन्त्रलायले जारी गरेको कोरोना जाँचको नियमावलीलाई अवलम्बन गर्दै जिल्ला भरी संक्रमित स्थानबाट भित्रिने सबैलाई जिल्ला भित्रिएको ५-१० दिनमा कोरोना जाँच गर्ने, साथै अग्रपङ्तिमा कार्यरत व्यक्तिहरुलाई पनि जाँचको दायरामा ल्याउने र त्यसको लागि जिल्ला कोरोना सम्पर्क व्यक्ति (डा. आनन्द आचार्य) सँग प्रत्यक्ष समन्वय गर्ने ।

१२. खाद्यान्न, इन्धन लगायत अत्यावश्यक बस्तुको आपूर्तिको व्यवस्था रामेछाप उद्योग बाणिज्य संघले मिलाउने ।

१३. जिल्लामा सञ्चालित एम्बुलेन्सहरुले विरामी बाहेक अन्य व्यक्ति बोक्ने, बिरामी बोक्न नमान्ने जस्ता गुनासो आएकाले सबै पालिका, स्वास्थ्य कार्यालय र जिल्ला प्रहरी कार्यालयले सोको निगरानी गरी नियमित सञ्चालनको व्यवस्था मिलाउने ।

१४. धर्म, संस्कार, विवाह, ब्रतवन्ध, चार्डपर्व, मृत्यसंस्कारमा न्यूनतम व्यक्तिहरु मात्र जम्मा भई सम्पन्न गर्ने ।

१५. होटल एवं रेष्टुरेन्टमा हुने सामुहिक भोज, पार्टी, सेमिनार वा अन्य सामुहिक भेला जस्ता कार्य निषेध गर्ने ।

१६. औषधी व्यवसायीहरुले स्वास्थ्य सुरक्षाका सामाग्रीहरु सुपथ मुल्यमा विक्री वितरणको व्यवस्था मिलाउने यसको अनुगमन जिल्ला स्वास्थ्य कार्यालयले मिलाउने ।

१७. कोभिड-१९ को रोकथाम तथा नियन्त्रणको लागि जनचेतनामूलक सूचना सन्देश सबै पालिका/निकाय, संघ संस्था, सञ्चार माध्यमहरुले प्रचार प्रसार गर्ने ।